annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६८, पृष्ठ ८ | काठमाडौं, आइतबार ९ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | SUNDAY, OCTOBER 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## बर्सेनि पछि सर्दै मनसुन, बढ्दै आकस्मिक विपद्‌को जोखिम

३० वर्षको अवधिलाई केलाउँदा अक्टोबरमा मात्रै मनसुन बाहिरिने क्रम दोहोरिएको छ। जल तथा मौसम विज्ञान विभागको तथ्यांकअनुसार ३० वर्षमा २१ पटक अक्टोबरमा मनसुन बाहिरिएको छ। यसले नेपालमा मनसुनको अवधि लम्बिएको प्रष्टयाउँछ। मनसुनको अवधि पछाडि धकेलिँदै जाँदा त्यसले विपद् जोखिमको अवधिसमेत लम्बिएको जनाउँछ। पछिल्लो समय वर्षायामपछि (असोज, कात्तिक) मा समेत मनसुनी गतिविधिले विपद् तथा जोखिम दोहोरिएका छन्।

समाचार पृष्ठ २

नितु घले | *काठमाडौं*

– को रिपोर्ट

### मनसुन भित्रिएको र बाहिरिएको मिति

| वर्ष | भित्रिएको | बाहिरिएको |
|---|---|---|
| २००१ | जुन ३ | २५ सेप्टेम्बर |
| २००२ | जुन १५ | १९ सेप्टेम्बर |
| २००३ | जुन १६ | ३० सेप्टेम्बर |
| २००४ | जुन ९ | १ अक्टोबर |
| २००५ | जुन २० | २ अक्टोबर |
| २००६ | जुन १ | २९ सेप्टेम्बर |
| २००७ | जुन ७ | ९ अक्टोवरमा |
| २००८ | जुन १० | १७ अक्टोवरमा |
| २००९ | जुन २३ | १५ अक्टोबर |
| २०१० | जुन १७ | १ अक्टोबर |
| २०११ | जुन १५ | ७ अक्टोवर |
| २०१२ | जुन १६ | २८ सेप्टेम्बर |
| २०१३ | जुन १४ | १९ अक्टोबर |
| २०१४ | जुन २० | ७ अक्टोबर |
| २०१६ | जुन १५ | १२ अक्टोवर |
| २०१७ | जुन १२ | १६ अक्टोबर |
| २०१८ | जुन ८ | ५ अक्टोबर |
| २०१९ | जुन २० | १२ अक्टोबर |
| २०२० | जुन १२ | १६ अक्टोबर |
| २०२१ | जुन ११ | ११ अक्टोबर |
| २०२२ | जुन ५ | १६ अक्टाबर |
| २०२३ | जुन १३ | १५ अक्टोबर |
| २०२४ | जुन १० | १२ अक्टोबर |
| २०२५ | मे २९ | १० अक्टोबर |



## कुसुण्डा जाति अब २ परिवारमा सीमित

शिव उप्रेती | *गोरखा*

लोपोन्मुख कुसुण्डा जातिको गोरखामा एकमात्र परिवार र तनहुँमा पनि एक परिवार मात्र बाँकी छन्। संरक्षणको अभावमा यी दुई घरपरिवार पनि संकटमा गाँजिएका छन्।

तनहुँको व्यास नगरपालिका १० डिही गाउँमा इन्द्रमाया कुसुण्डा र उनकी एक्ली छोरी सीमान्त बस्छन्। २०७५ वैशाख ५ गते राजामामा कुसुण्डाको निधन भएपछि इन्द्रमायाकी आमाछोरी मात्र बस्दै आएका हुन्। घर धान्ने मियो ढलेपछि ४६ वर्षकी इन्द्रमायालाई दुई जनाको पेट पाल्न पनि धौ-धौ छ।

हातमुख जोर्न भरथेग होओस् भनेर नगरपालिकाले इन्द्रमायालाई कुचिकारको जागिर दिएको छ। 'नानी जन्मिएको केही महिनामा छतबाट खसी। उसलाई ओखती गर्न म पोखरातिर लागेँ। उ खसेको पाँच दिनमा बाउ ढले। उठ्दै नउठी बितेर गए', दुःख कहँदै इन्द्रमाया भन्छिन्, 'त्यही बेलादेखि नानीलाई सास फेर्न गाह्रो हुने रोग छ। उसको ओखतीमूलो गर्दाखेरि पनि रिन लाग्यो। बाउको किरिया गर्दा पनि रिन खोजेरै गरेको हो। त्यो रिनले सताइरहेको छ। नानीको ओखतीमुलोमा महिनाको ७/८ हजार जान्छ। पढाउन पनि खर्च चाहियो। कुचिकारको जागिरले कति धान्छ र ?' दुःखको गुजुल्टोमा फाँसिरहेको उनी गुनासो गर्छिन्।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले २०६१ सालमा डिहीटारमा एक रोपनी जग्गा खरिद गरी तीनकोठे घर बनाइदिएको थियो। २१ वर्ष पुग्दासम्म जस्ताले छाएको सो घर पनि थोत्रिसकेको छ। 'असिनाले हानेर जस्ताको छानो चुहिने बनाइदियो', इन्द्रमाया भन्छिन्, 'पानी परेपछि घर पूरै चुहिन्छ। पोहोर गम लाएर टालटुल गरेको, थेगेन। कुन दिन ढल्छ कि भन्ने डर छ।' कुनै बेला सहयोग गर्नेहरूले साथ दिइरहे पनि राजामामाको मृत्यु भएपछि एक्ली महिलाले गरेको दुःख कसैले नदेखेको उनको दुखेसो छ।



गोरखा नगरपालिका-११ तेह्रकिलो निवासी चेतबहादुर कुसुण्डा। ● शिव उप्रेती

संकट इन्द्रमायाको मात्र होइन, यहाँ कुसुण्डा जातिको अस्तित्व संकटमा छ। गोरखा नगरपालिका ११ तेह्रकिलोमा अर्को एक घर कुसुण्डाको बसोबास छ। स्थानीय चेतबहादुर कुसुण्डाको परिवारमा १० जना छन्। जायजेथाको नाममा उनीहरूको 'नङ्मा लाउने माटो' पनि नभएको चेतबहादुर कुसुण्डा बताउँछन्।

चेतबहादुर र कुसुण्डा दम्पतीको दुई छोराबुहारीहरू, एक विवाहित छोरी, तीन नाति र एक नातिनी छन्। उनीहरूको परिवारले ज्याला मजदुरी गरेर जीवनरथ चलाइरहेका छन्।


'पत्रकारले समाचार लेखेपछि एक जना छिमेकीले तीनआना जग्गा दान दिनुभयो। त्यहाँ एउटा घर बनाएर बसेका छौं। त्योबाहेक थुक्ने ठाउँ पनि छैन', चेतबहादुर भन्छन्, 'एक, दुईवटा कुखुरा छ। त्यो पनि थुनेर पाल्नुपर्छ, नत्र चर्न अरूको बारीमा जान्छ।'

उनीहरू ४५ वर्षअघि खोप्लाङबाट यहाँ आएका हुन्। उनी १० वर्षको हुँदा बुबाको मृत्यु भयो। 'बुबा मरेपछि आमाले बिरालोले बच्चा सारेझैं कहिले कसैको घरमा, कहिले कसैको घरमा कोठा भाडामा लिएर बस्दै आएका थियौं। सायद यो तेह्रकिलोमा हामी नबसेको घरै छैन होला', उनले भने, 'सुकुम्बासीलाई सरकारले जग्गा दिन्छ रे भन्ने हल्लाको पछि लागेर आमाले नवलपरासीसम्म लैजानुभएको सम्झना छ, तर रित्तै हात फर्किनु पर्‍यो। पुगेको छिमेकीको सहयोगले तीन आना जग्गा त पाइयो, त्योबाहेक नङ्मा लाउने माटो पनि छैन।' सरकारले उनलाई सम्झना छ।

चेतबहादुरका साथमा श्रीमती कमला, दुई छोरा र एक छोरी छन्। छोरी मगर समुदायका १ जनासँग बिहे गरेर गएकी छिन्। छोराहरू दुवै जना विवाहित हुन्। उनीहरू पट्टि दुई बुहारी, तीन नाति र एक नातिनी छन्।

तीन आना जग्गामा जनता आवास कार्यक्रमले बनाइदिएको एकपाखे घर अहिले दुई छोरा, बुहारी, नाति, नातिनी बस्न पर्याप्त छैन। दुखजिलो गरेर घर बनाउन अन्यत्र जग्गा नभएको उनीहरूको गुनासो छ।

नेपालको जनगणना २०७८ अनुसार कुसुण्डाको जनसंख्या जम्मा २ सय ५६ रहेको छ। गोरखा र तनहुँका एक/एक घरका कुसुण्डा परिवार पनि नसामाजिक सुरक्षाको उचित बन्दोबस्त नहुँदा अस्तित्वको संकटमा छन्।




## एसिया भ्रमणमा किमसँग भेट्न चाहन्छन् ट्रम्प

**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी एसिया भ्रमणका क्रममा उत्तर कोरियाली नेता किम जोङ उनसँग भेट गर्ने चाहना देखाएका छन्। एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भने, 'म खुला छु, यदि उहाँ भेट्न चाहनुहुन्छ भने म तयार छु।' उनले किमसँग आफ्नो 'उत्कृष्ट सम्बन्ध' रहेको पनि उल्लेख गरे। ट्रम्प र किमबीच सन् २०१९ मा भेट भएको थियो, जब ट्रम्प उत्तर कोरियामा पाइला राख्ने पहिलो अमेरिकी राष्ट्रपति बनेका थिए।

ट्रम्पले यसपटक मलेसिया र जापान भ्रमणका क्रममा चीनका राष्ट्रपति सी चिन फिङलगायत अन्य विश्व नेताहरूसँग पनि भेट गर्ने छन्। चीनसँगको व्यापार युद्धका बीचमा हुने यो भेटमा दुवै पक्षले नयाँ सम्झौताको प्रयास गर्ने सम्भावना छ। ट्रम्पले चीनका सामानमा १०० प्रतिशतसम्म कर लगाउने बताएका छन्।

उत्तर कोरियाले पछिल्ला वर्षहरूमा अन्तरमहाद्वीपीय क्षेप्यास्त्र परीक्षणहरू निरन्तर गर्दै आएको छ। ट्रम्पले उत्तर कोरियालाई 'परमाणु शक्तिसम्पन्न राष्ट्र' भन्दै व्यावहारिक संवाद गर्न चाहेका छन्। किम जोङ उनले पनि गत महिना 'ट्रम्पसँगका राम्रो सम्झना अझै बाँकी छन्' भनेका थिए। दक्षिण कोरियाका एकीकृत मामिलामन्त्री चुंग डोङ-यङका अनुसार एसिया-प्रशान्त आर्थिक सहयोग सम्मेलनका क्रममा ट्रम्प र किमबीच भेट हुने सम्भावना प्रबल छ। ट्रम्प बुधबार बुसान पुग्ने कार्यक्रम छ, जहाँ उनले दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युंगसँग भेटेर कोरियाली प्रायद्वीपमा शान्ति र सम्भावित ट्रम्प-किम वार्ताबारे छलफल गर्ने छन्।

## अस्ट्रेलियामा फैलिँदो महादेव महिमा

### तत्कालीन राजा वीरेन्द्रको अनुमतिमा पशुपतिनाथबाट ज्योतिर्लिंग ल्याइएको थियो

जे पाण्डे | *सिड्नी (अस्ट्रेलिया)*

सूचना प्रविधिको अध्ययनका लागि साउथ कोरिया पुगेका कैलालीका धीरज न्यौपानेले तीन वर्षको बसाइमा त्यहाँ हिन्दू धर्मका आराध्यदेव महादेव शिवको मन्दिर कतै देखेनन्। तर, एक दिन भगवान् श्रीकृष्णको मन्दिर भेटिएपछि दर्शन गरे। यद्यपि, उनी स्वयं महादेवका अनन्य भक्त थिए।

हाल उनी अस्ट्रेलियाको भिक्टोरिया राज्यस्थित डिकिन विश्वविद्यालयमा सूचना प्रविधि विषयमै पीएचडी गर्दै छन्। केही दिनअघि न्यू साउथ वेल्स राज्यको सिड्नी आइपुगेका उनले एक अद्भुत रहस्य थाहा पाए। हिमालय पर्वतको काखमा रहेको नेपाललाई समुद्रपारिको अस्ट्रेलियासँग महादेवका माध्यमबाट आध्यात्मिक रूपमा जोड्ने प्रयास भइसकेको रहेछ। 'सुन्दा मेरो त धैर्यको सीमा नै रहेन,' आश्चर्य मान्दै धीरजले भने, 'तुरुन्तै कार लिएर शिवगुफा खोज्दै मिन्टो पुगेँ, र अन्ततः मुक्ति-गुप्तेश्वर महादेवको दर्शन गर्ने सौभाग्य मिल्यो।'

सिड्नी सहरबाट ३५ किलोमिटर दक्षिण-पश्चिमस्थित मिन्टो उपनगरमा रहेको मुक्ति-गुप्तेश्वर शिवमन्दिर अस्ट्रेलियामा भूमिगत शैलीमा निर्माण गरिएको एक मात्र मानव-निर्मित शिव मन्दिर हो।



'यो गुफा मात्र हैन। यसलाई त आत्माको निवास स्थलको प्रतीक मान्न सकिन्छ। यस्तो ठाउँमा गरिने ध्यान-साधनाले विश्वमा ज्ञानको प्रकाश फैलाउन सहयोग पनि पुऱ्याउँछ। मैले जे खोजेको थिएँ, त्यही भेटेँ', उनले थपे।

मानव-निर्मित भूमिगत शिव मन्दिरले हिन्दू धर्मको पवित्रता, गहन आध्यात्मिकता र सांस्कृतिक सम्पदालाई आधुनिक विश्वमा प्रस्तुत गर्न सघाएको छ । त्यहाँ पुग्नेहरू धेरैजसो नेपालबाट उच्च शिक्षा र रोजगारीका लागि आएकाहरू सँगै उनीहरूलाई भेट्न आउने आफन्तहरू पनि। भारतीयहरू पनि ठूलो संख्यामा पुग्छन्।

मन्दिरको निर्माण सन् १९९७ मा सुरु भई १४ फेब्रुअरी १९९९, महाशिवरात्रिका दिन सम्पन्न भएको हो। मुख्य शिवलिंग नेपालका तत्कालीन राजा वीरेन्द्रको अनुमति लिएर पशुपतिनाथ मन्दिरबाट ल्याइएको हो। जसले यस मन्दिरलाई सांस्कृतिक रूपमा ऐतिहासिक बनाएको छ।

बाँकी पृष्ठ ६